# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, पुस १६ गते २०३१ साल [अतिरिक्ताङ्क ३८


### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको
### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप–दफा (२) र दफा ५ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

सगरमाथा अञ्चल अन्तर्गत सोलुखुम्बु र ओखलढुङ्गा जिल्लाहरूमा घटेका काण्डका सिलसिलामा वादी श्री ५ को सरकार प्रतिवादी भू. पू. क. प. यज्ञबहादुर थापासमेत भएको राजकाज (अपराध र सजाय) ऐन, २०१६ अन्तर्गत सजाय हुने मुद्दाको उजूरी लिई र त्यसको जरियाबाट उठेका मुद्दाहरू कारवाई र किनारा गर्न खण्ड २३, मिति ०३०।३।३१, अतिरिक्तांक २० (संशोधन सहित) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठन भएको जनकपुर अञ्चल अदालतका का. मु. अतिरिक्त अञ्चल न्यायाधीश श्री ऋद्धिमानन्द वज्राचार्यको एक सदस्यीय विशेष अदालतलाई सुम्पिएको छ।

खण्ड ३, मिति ०३०।३।३१, अतिरिक्तांक २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना (संशोधनहरू सहित) मा रहेको "मेची, कोशी, जनकपुर अञ्चलको जनकपुरधाम र वाग्मती अञ्चलमा" भन्ने वाक्यांशको सट्टा "मेची, कोशी र सगरमाथा अञ्चल, जनकपुर अञ्चलको जनकपुरधाम र वाग्मती अञ्चलमा" भन्ने वाक्यांश राखिएको छ।

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको का. मु. सचिव

५४५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८६

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।